आज मिति २०७४।०३।१६ का दिन यस हरिनास गा.पा. का अध्यक्ष श्री रविनारायण मानन्धरको अध्यक्षतामा गा.पा. को कार्यपालिकाको बैठक बसी निम्न उपस्थितीमा निम्न प्रस्तावउपर छलफल गरि निर्णय गरियो।

उपस्थिती

१. रविनारायण मानन्धर, अध्यक्ष, हरिनास गा.पा.
२. धनमाया पराजुली, उपाध्यक्ष, हरिनास गा.पा.
३. भिम बहादुर भुजेल, सदस्य
४. पर्शुराम घिमिरेल, सदस्य
५. लोक बहादुर नेगी, सदस्य
६. चिन्तामणी शर्मा, सदस्य
७. डण्ड बहादुर राना, सदस्य
८. नर बहादुर थापा, सदस्य
९. केशमाया थापा, सदस्य
१०. उजेली नेपाली दर्जी, सदस्य
११. हिम माया थापा, सदस्य
१२. धन माया राना, सदस्य
१३. सुरज बहादुर नेपाली, सदस्य
१४. महेन्द्र गोताम, सदस्य
१५. रेखा विक, सदस्य
१६. नविन अधिकारी, सदस्य सचिव
१७ भगीरथ पौडेल ना.प्र.
१८ मनोज पोखरेल लेखापाल

प्रस्ताव नं-१: ढुंगाखानी, बालुवा लगायत निकासी सम्बन्धमा।

निर्णय नं-१: प्रस्ताव नं-१ उपर छलफल गर्दा ढुंगाखानी एवं बालुवाखानीलाई टेण्डर गरी कर संकलन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २: योजनाको पेश्की सम्बन्धमा

निर्णय नं-२: प्रस्ताव नं. २ उपर छलफल गर्दा तीनलाख वा सो भन्दा बढीको योजनामा आवश्यकता अनुसार पेश्की दिने (उप्रो.) निर्णय गरियो।

Flair

प्रस्ताव नं: ३: इलाका प्रहरी कार्यालय, चिसापानीको गाडी मर्मत सम्बन्धमा ।

निर्णय नं. ३: प्रस्ताव नं ३ उपर छलफल गर्दा इलाका प्रहरी कार्यालय, चिसापानीको गाडी मर्मत गर्दा लागेको खर्चमध्ये रु ५०,०००/- भुक्तानी दिने निर्णय गरियो

प्रस्ताव नं ४: स्वास्थ्य इकाई निर्माण सम्बन्धमा ।
निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल गर्दा स्वास्थ्य इकाई भवन नभएका वडा नं. १, ५ र ८ लाई स्वास्थ्य इकाई निर्माण गर्नको लागि क्रमश: १लाख, ५लाख र २लाख विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५: कार्यालय सहयोगीको तलब सम्बन्धमा ।
निर्णय नं.५: प्रस्ताव नं ५ उपर छलफल गर्दा कार्यालय सहयोगीको तलब रु ६,०००/- प्रतिमहिना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ काठेपोल मुक्त हरिताल सम्बन्धमा ।
निर्णय नं.६: हरिताल गा.पा. अन्तर्गत रहेका सम्पूर्ण काठेपोल हरु विस्थापन गरी फलामे पोल राख्ने निर्णय गरियो ।

प्रस्ताव नं.7: जगनथान सौर्य लिफ्टिङ खानेपानी तथा सरसफाई योजना सम्बन्धमा ।
निर्णय नं.7: प्रस्ताव नं. ७ उपर छलफल गर्दा जगनथान सौर्य लिफ्टिङ खानेपानी तथा सरसफाई योजना सम्बन्धमा उक्त योजनाको motor बिग्रिएकोले नयाँ मोटर खरिद सम्बन्धमा दुईलाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

Flair

**प्रस्ताव नं- ८:** राजकुमार खिलवालको सम्बन्धमा।

**निर्णय नं- ८:** यस हरिनास गाउँपालिकामा जि.स.स. स्याङ्जा बाट खटाइएका प्राविधिक राजकुमार खिलवाल को कार्य सन्तोषजनक नभएकोले, नियमित गाउँपालिकामा उपस्थित नहुने समस्या यथावत रहिरहेको, काममा हेलचेक्र्याइँ समेत देखिएकोले आजको मितीबाट निजलाई यस कार्यालयमा हाजिर गराउन नसकिने व्यहोरा निर्णय गरियो। साथै निज लाई जिल्ला समन्वय समिती स्याङ्जा मै फिर्ता गरिदिने निर्णय गरियो।

**प्रस्ताव नं- ९:** कर्मचारी समायोजन सम्बन्धमा।

**निर्णय नं- ९:** गाउँपालिका भित्रका कर्मचारीहरु मध्ये वडा नं. २ का वडा सचिव नायु. श्री कवण प्रसाद गौतम लाई वडा नं- ६ र ७ हेर्ने गरी एवं वडा नं- ६ र ७ का वडा सचिव श्री डिल बहादुर राना लाई वडा नं- ३ हेर्ने गरी काज खटाइएको निर्णय गरिएको छ। त्यस्तै गरी वडा नं. ३ हेर्ने वडा सचिव रमेश खिम्दोल लाई वडा नं. २ हेर्ने गरी काज खटाइएको निर्णय गरिएको छ।